# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
## बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/८०

**धान उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/११/१५

मरिण गाउँपालिकाको आ.व. २०७९/८० को लागि सङ्घीय सरकारबाट स्वीकृत कार्यक्रम अनुसार धान उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गर्न तपशिल बमोजिमका शर्तहरु पूरा गर्न सक्ने इच्छुक कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म/ उद्यमी कृषकबाट सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लिखित कागजात सहित मरिण गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम संचालन हुने वडाहरु | संचालन गर्न सकिने कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | धान उत्पादन प्रवर्द्धन कार्यक्रम<br>वडा नं. ०२,<br>वडा नं. ०३,<br>वडा नं. ०६, र<br>वडा नं. ०७ | ५०% अनुदानमा चैते धानको उन्नत बीउ तथा मेशिनरी औजार वितरण, स्थलगत तालिम, प्रविधि प्रदर्शन, माटो जाँच सेवा, भकारो सुधार, हरियो मल प्रयोग, बाली संरक्षण सेवा, बीउ उत्पादन लगायतका कार्यक्रमहरु | प्रत्येक ब्लककलाई ३०० कठ्ठा भन्दा कम नहुने गरि यथासम्भव एक अर्कामा जोडिएका प्लटहरुमा संचालन गरिने |

➤ आवश्यक कागजातहरु

- आवेदन
- कृषक समूह/सहकारी/फर्म/उद्यमीको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- समूह/सहकारीको हकमा समितिको बैठकको प्रतिलिपि,
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित वडाको सिफारिस ।

२०७९/११/१५

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत